(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम लगायतका आन्तरिक कार्यविधि व्यवस्थापन गर्ने कानूनहरू दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि संस्थाको वेबसाइट वा आधिकारिक सामाजिक सञ्जालमा हस्ताक्षरित प्रति राखी प्रकाशित गरेपश्चात् मात्र औपचारिक रूपमा लागू हुनेछ ।[11]

'(३) दर्ता गर्ने अधिकारीबाट पूर्वस्वीकृति र पश्चात् स्वीकृति नलिई आफूखुसी बनाइएका कानूनहरूका कारण सिर्जना भए गरेका सबै किसिमका दायित्वहरूका सम्बन्धमा सञ्चालक समिति र संस्थाको कार्यालय प्रमुख जिम्मेवार हुनेछ र निजहरूबाटै असूल उपर लगायतका कारबाही समेत हुनेछ ।

(४) यो दफा कार्यान्वयन हुनुपूर्व दर्ता गर्ने अधिकारीबाट संशोधित व्यवस्था स्वीकृत नगराई कुनै संस्थाले आन्तरिक कार्यविधि व्यवस्थापन गर्ने कानूनहरू र विनियम लागू गरेको भएमा छ महिनाभित्रमा स्वीकृत गराउनुपर्नेछ । तोकिएको अवधिभित्र यसरी कार्य नगरेमा संशोधन भएको मितिदेखिको सिर्जना भए गरेका सबै किसिमका दायित्वहरूका सम्बन्धमा सञ्चालक समिति र संस्थाको कार्यालय प्रमुख जिम्मेवार हुनेछ र निजहरूबाटै असूल उपर लगायतका कारबाही समेत हुनेछ ।[12]

## परिच्छेद– ५

## सदस्यता

२०. **संस्थाको सदस्यता:** (१) अठार वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्:-

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मन्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

(च) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

[11] दोस्रो संशोधनद्वारा संशोधित

[12] दोस्रो संशोधनद्वारा संशोधित

**५०. अन्य कोष सम्बन्धी व्यवस्थाः** (१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन ।

'(३) उपदफा (१) बमोजिमका कोषहरूमा रकम बाँडफाँट गर्दा संस्थाको वित्तीय सूचकहरू, सदस्य केन्द्रीय सूचकाङ्क, संस्थाको व्यवसायिक योजनालाई प्रभावकारी बनाउने लगायतका विषयहरूलाई ध्यान दिई कमजोर अवस्था भएमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा अन्य कानून वा विनियममा जुनसुकै कुरा उल्लिखित भए तापनि प्रत्येक कोषमा पाँच प्रतिशतभन्दा बढी रकम बाँडफाँट गर्न पाइने छैन र जगेडा कोष, घाटापूर्ति कोष र व्यवसायिक योजना प्रभावकारी बनाउने गरी रकम बाँडफाँट गर्नुपर्नेछ ।[23]

## परिच्छेद –११

## अभिलेख र सूचना

**५१. अभिलेख राख्नु पर्ने :** (१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरीबेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

**५२. विवरण उपलब्ध गराउनु पर्नेः** (१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ :–

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

[23] दोस्रो संशोधनद्वारा थप

(२) ...............................[43],

(३) ..............................[44],

(४) ...............................[45],

(५) ..........................[46],

(६) .................................[47],

(ङ) .....................................[48]

'(च) दफा ७९ को (द) बमोजिम कसूर गरेमा एकलाख रूपैयाँ जरिवाना र बिगो समेत असूल हुनेछ । यसरी गरिएको जरिवाना र बिगो रकम सञ्चालक समिति र कार्यालय प्रमुखबाट असुल उपर गरिनेछ,

(छ) दफा ७९ को (ध) बमोजिम कसूर गरेमा पचासहजार रूपैयाँ जरिवाना हुनेछ । सञ्चालक समिति र कार्यालय प्रमुखबाट असुल उपर गरिनेछ,

(ज) दफा ७९ को (न) बमोजिम कसूर गरेमा एकलाख पचासहजार रूपैयाँ जरिवाना हुनेछ । यसरी गरिएको जरिवाना सञ्चालक समिति र कार्यालय प्रमुखबाट असुल उपर गरिनेछ।[49]

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

८१. <u>जरिवाना हुनेः</u> (१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको

---

[43] दोस्रो संशोधनद्वारा झिकिएको

[44] दोस्रो संशोधनद्वारा झिकिएको

[45] दोस्रो संशोधनद्वारा झिकिएको

[46] दोस्रो संशोधनद्वारा झिकिएको

[47] दोस्रो संशोधनद्वारा झिकिएको

[48] दोस्रो संशोधनद्वारा झिकिएको

[49] दोस्रो संशोधनद्वारा थप

(७) उपदफा (१) वमोजिम मिलापत्र गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।[54]

'८७. **<u>उजूरी दिने हद म्याद :</u>**(१) कसैले दफा ७९ बमोजिमको सजाय हुने कसूर गरेको थाह पाएमा वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

तर दर्ता गर्ने अधिकारीले जुनसुकै किसिमले आफै थाह पाएमा वा गर्न लागेको थाह पाएमा हदम्याद हुने छैन ।[55]

(२) कसैले दफा ८१ बमोजिम जरिवाना हुने कार्य गरेको थाह पाउने व्यक्तिले त्यसरी थाह पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनुपर्नेछ ।

'८८. **<u>पुनरावेदन गर्न सक्नेः</u>** (१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा संस्था दर्ता खारेज गरेकोमा र दफा ९९ख. बमोजिमको निर्णयमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारी र समितिको निर्णयउपर कार्यपालिकासमक्ष पुनरावेदन गर्न सक्नेछ र कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

(२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः

(क) दर्ता गर्ने अधिकारीले गरेको निर्णय उपर कार्यपालिकामा,[56]

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णयउपर सम्बन्धित उच्च अदालतमा ।

'(३) उपदफा (२) को खण्ड (क) बमोजिम कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।[57]

८९. **<u>असूल उपर गरिने :</u>** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

---

[54] दोस्रो संशोधनद्वारा थप

[55] दोस्रो संशोधनद्वारा संशोधित

[56] दोस्रो संशोधनद्वारा संशोधित

[57] दोस्रो संशोधनद्वारा थप

लिई सदस्यको बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि बचत रकम फिर्ता समिति गठन तथा संस्था सञ्चालन गर्न दर्ता गर्ने अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले अभिलेख राखी त्यस्तो समिति गठन तथा संस्था सञ्चालन गर्न अनुमति दिनु पर्नेछ ।

**९९ख. राजनैतिक गतिविधिमा सङ्गलग्न हुन नपाउनेः** (१) सहकारी संस्थामा कार्यरत कुनैपनि कर्मचारी राजनैतिक दल वा सोको भातृ सङ्गठनको सदस्य बन्न र राजनैतिक गतिविधिमा प्रत्यक्ष रूपमा सङ्गलग्न हुन पाइने छैन । यस विपरीत भए गरेको पाइएमा सञ्चालक समितिले तुरून्तै निजलाई बर्खास्त गर्नुपर्नेछ ।

तर निजलाई बर्खास्त गर्नुअघि सफाइको मौकाबाट बञ्चित गर्न पाइने छैन ।

(२) यो दफा कार्यान्वयन हुनुअघि कुनैपनि कर्मचारीले राजनैतिक दल वा सोको भातृ सङ्गठनको सदस्य लिएको भएमा सो त्याग गरेको प्रमाण सहित दर्ता गर्ने अधिकारी र आफ्नो संस्थामा तीन महिनाभित्र लिखित जानकारी गराएको हुनुपर्नेछ । यसरी लिखित जानकारी नगराई वा यो दफालाई अटेर गरी कसैले काम गरेको पाइएमा निजलाई बर्खास्त गर्न दर्ता गर्ने अधिकारीले सञ्चालक समितिलाई निर्देशन दिनेछ र सोको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**९९ग. कार्यसम्पादन सम्झौता गर्नुपर्नेः** (१) दुई करोडभन्दा बढी कारोबार भएका संस्थाका विभिन्न विषयगत उपसमितिहरूका संयोजकहरूले आफ्नो र समितिको कामका सम्बन्धमा सञ्चालक समितिको अध्यक्षसँग वार्षिक रूपमा सूचीबद्ध कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ । यसरी गरिएको कार्यसम्पादन सम्झौताका विषयहरूको प्रगतिका सम्बन्धमा प्रत्येक वर्षको वैशाख र मङ्सिर महिनामा समीक्षा गर्नुपर्नेछ र कुनै कमीकमजोरी पाइएमा आवश्यक निर्देशन सहित एकपटकका लागि सुधारको मौका दिनुपर्नेछ ।

(२) सुधारको मौका दिइएको समयभित्र समेत सुधार नभएमा संयोजक तथा सदस्यहरू परिवर्तन गरी कार्य गर्नुपर्नेछ ।

(३) दुई करोडभन्दा बढी कारोबार भएका संस्थाका कार्यकारी अधिकृत/व्यवस्थापक/मुख्य प्रबन्धक/प्रमुखले आफ्नो काम तथा कर्तव्यका सम्बन्धमा समितिको अध्यक्षसँग वार्षिक रूपमा सूचीबद्ध कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ । यसरी गरिएको सम्झौतामा संस्थाको वित्तीय प्रगति अवस्थाको विश्लेषण तथा सूचकहरूको अवस्था, सदस्य केन्द्रीयता सूचकाङ्क,

प्रचलित कानूनहरूको पालना र कार्यान्वयन, प्रशासनिक कार्यहरूको कार्यसम्पादनको स्तर, साधारणसभाबाट पारित वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगतिको अवस्था, नियामकीय आदेश तथा निर्देशनको पालना र कार्यान्वयन, आर्थिक तथा वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण तथा सुशासनको अवस्था लगायतका विषयहरूको सूचकगत अङ्कभार निर्धारण गरिएको हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता भएपश्चात् प्रत्येक वर्षको वैशाख र मङ्सिर महिनामा समिति समक्ष कार्यकारी अधिकृत / व्यवस्थापक/मुख्य प्रबन्धक/प्रमुखले प्रगति प्रतिवेदन दिनुपर्नेछ । उक्त प्रतिवेदनको समीक्षा गरी कुल अङ्कको असी प्रतिशत र सोभन्दा बढी प्राप्ताङ्क भए उत्तम, साठीदेखि उनासी प्रतिशतसम्म भए राम्रो र पचासदेखि उन्नानसाठी प्रतिशतसम्म भए सामान्य र पचास प्रतिशतभन्दा कम भए कमजोर प्रगतिमा वर्गीकृत गरी उत्तम अवस्थामा पुरस्कृत गर्नुपर्ने र कमजोर अवस्थामा पचीस प्रतिशत बराबर निजले पाउने ग्रेड तथा सेवा सुविधामा कटौती गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सुविधा कटौतीको अवस्था चारवर्षमा दुईपटक भएमा निजलाई बर्खास्त गर्नुपर्नेछ ।

(६) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता वार्षिक साधारणसभा भएको एक महिनाभित्र गर्नुपर्नेछ । यो दफा लागू हुनु अगावै वार्षिक साधारणसभा भइसकेका संस्थाले यो दफा लागू भएको तीन महिनाभित्र सम्झौता गर्नुपर्नेछ ।

**९९घ.** **<u>अवस्थागत आधारमा संस्थाहरू साङ्केतीकरण गर्नुपर्नेः</u>** (१) दर्ता गर्ने अधिकारीले नगरपालिकाका नियमन क्षेत्रभित्रका संस्थाहरूको अवस्थागत साङ्केतीकरण देहायका आधारमा गर्नुपर्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका वा कार्यविधि पालनाको स्तर,

(ख) दर्ता गर्ने अधिकारीबाट जारी आदेश, निर्देशन र सुझावको पालनाको स्तर,

(ग) संस्थाहरूको जाँचबुझ, निरीक्षण, अनुगमन, सुपरीवेक्षणका क्रममा माग भएका र सम्बद्ध कागजातहरू उपलब्ध गराउन र सहयोग गर्नमा संस्थाले निर्वाह गरेको भूमिकाको स्तर,

(घ) नगरपालिका, प्रदेश र सङ्घीय कानूनहरूको पालनाको स्तर,

(ङ) नगरपालिका, प्रदेश र सङ्घीय सरकारले सहकारीसँग साझेदारी, समन्वय तथा सहकार्य, सहयोग, अनुदानमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूमा संस्थाको सहभागिताको स्तर,

(च) संस्थाको वित्तीय सूचकहरू र सदस्य केन्द्रीयता सूचकाङ्कको अवस्थाको स्तर,

(छ) सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूको पालनाको स्तर,

(ज) संस्थाले नगरपालिकामा तोकिए बमोजिम नियमित बुझाउनुपर्ने कागजातहरू बुझाएको अवस्था,

(झ) विद्युतीय सूचना प्रणालीमा नियमित रूपमा विवरण अद्यावधिक गरेको अवस्था,

(ञ) संस्थाले राख्नुपर्ने कागजातहरू र अभिलेखहरू व्यवस्थित तवरले राखेको अवस्था,

(ट) आर्थिक तथा वित्तीय अनुशासन र सुशासनको स्तर,

(ठ) संस्थाका आफ्ना कानूनहरूको पालनाको स्तर, र

(ड) दर्ता गर्ने अधिकारीले आवश्यक ठानेका अन्य आधारहरू ।

(२) उपदफा (१) बमोजिमका आधारमा संस्थाहरूलाई देहाय बमोजिम साङ्केतीकरण गर्नुपर्नेछः-

(क) उपदफा (१) का मुख्य लगायत अधिकांश आधारहरू पालना गरेको भए र सदस्य केन्द्रीयता सूचकाङ्कमा उत्तम भए हरियो (राम्रो),

(ख) उपदफा (१) का आधा आधारहरू पालना गरेको भए र सदस्य केन्द्रीयता सूचकाङ्कमा साधारण वा मध्यम भए पहेंलो (कमजोर), र

(ग) उपदफा (१) का आंशिक आधारहरू पालना गरेको भए वा सदस्य केन्द्रीयता सूचकाङ्कमा अनिश्चित भए रातो (अति कमजोर) ।

स्पष्टीकरणः खण्ड (क) को दुईमध्ये एक मात्रै अवस्था भए पहेंलो र खण्ड (ख) को दुईमध्ये एक मात्रै अवस्था भए रातोमा साङ्केतीकरण हुनेछ ।

(३) संस्थाहरूको यस्तो साङ्केतीकरणको कार्यका लागि दर्ता गर्ने अधिकारीले तीन सदस्यीय समिति गठन गर्नेछ । उक्त समितिले यस दफा बमोजिम कार्यका निम्ति आफ्नो कार्यविधि आफै बनाई काम गर्नेछ ।

(४) यस दफा बमोजिमको कार्य प्रत्येक आर्थिक वर्षको पहिलो त्रैमासिकभित्र सम्पन्न गर्नुपर्नेछ । कार्य सम्पन्न भएपश्चात् उक्त साङ्केतीकरणको सूची प्रकाशन गर्नुपर्नेछ ।

(५) साङ्केतीकरणको सूची प्रकाशन भएपश्चात् कमजोर र अति कमजोर संस्थाले सुधारको कार्ययोजना दर्ता गर्ने अधिकारी समक्ष पेश गरी स्वीकृत गराउनु पर्नेछ र उक्त कार्ययोजनाको प्रगति विवरणका प्रमाण सहित त्रैमासिक रूपमा प्रतिवेदन बुझाउनुपर्नेछ ।

**९९ङ. <u>अध्ययन गर्न सक्नेः</u>** (१) नगरपालिकाले आफ्नो नियमन क्षेत्रमा रहेका सहकारी संस्थाहरूको अवस्थाका बारेमा सुधार तथा कारबाहीको सिफारिस समेत गर्ने गरी अध्ययन गर्न गराउन सक्नेछ । यसरी अध्ययन गर्दा गराउँदा दर्ता गर्ने अधिकारीले कम्तीमा तीन सदस्यीय समिति गठन गर्न र सहकारी सम्बन्धी विषय विज्ञलाई परामर्शदाताको रूपमा आमन्त्रित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन भएपश्चात् सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीमार्फत् कार्यपालिकामा छलफलका लागि पेश गर्नुपर्नेछ ।

(३) अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित संस्था र दर्ता गर्ने अधिकारीको हुनेछ ।

**९९च. <u>प्रतिवेदन तथा अनुगमन गर्नेः</u>** (१) यस नगरपालिकाको नियमनभित्र नपर्ने यस नगरपालिकाभित्र रहेका सहकारी संस्थाहरूले समेत अनिवार्य रूपमा मासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक प्रगति प्रतिवेदन लगायत माग भए बमोजिमका प्रतिवेदन तथा विवरण नगरपालिकालाई दिनुपर्नेछ ।

(२) यस नगरपालिकाको नियमनभित्र नपर्ने यस नगरपालिकाभित्र रहेका सहकारी संस्थाहरूको सम्बन्धित निकायसँगको समन्वयमा दर्ता गर्ने अधिकारीले एकल वा संयुक्त जुनसुकै रूपमा अनुगमन गर्न सक्नेछ ।'[61]

**१००. <u>नियम बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१०१. <u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका

[61] दोस्रो संशोधनद्वारा थप

काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

'(३) यो ऐन वा यस ऐन अन्तर्गत बन्ने नियम नबनेको अवस्थामा उपदफा (२) र सहकारी संस्थाको नियमन, प्रवर्द्धन, प्रशिक्षण तथा कामकारबाहीको नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि दर्ता गर्ने अधिकारीले सङ्घ वा प्रदेशको नियम, मापदण्ड, निर्देशिका वा कार्यविधिलाई आधार बनाई काम गर्न सक्नेछ ।

(४) सहकारी संस्थाको नियमन, प्रवर्द्धन, प्रशिक्षण तथा कामकारबाहीको नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि दर्ता गर्ने अधिकारीले यो ऐनमा उल्लिखित नभएका विषयका सम्बन्धमा सङ्घ र प्रदेशको ऐनलाई समेत आधारका रूपमा लिन सक्नेछ ।[62]

[62] दोस्रो संशोधनद्वारा थप

